म.जि.प्र.का दर्ता न: १०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं. ३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१३ अङ्क:- ४७ २०७९ पुस २० गते बुधबार 4 January 2023, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

**Icy Iconic parlor**

opening discount 10% OFF Discount

बबल टि, बरफ, बर्फी, केकलगायत विभिन्न फ्लेभरमा क्रिम बेलको आईसक्रिम उपलब्ध छ ।




हेटौंडा-४, स्कुलरोड

प्रोप्राईटर: क्रिजेश जोशी/दीपक गौतम

सम्पर्क नम्बर : ९८४५९०३४०७

# बागमती प्रदेशमा ६ दलको संसदीय दलको नेता छानिए




शैलेन्द्रमान बज्राचार्य



सुरेन्द्रराज गोसाई

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेश सभामा प्रतिनिधित्व गर्ने ६ दलले संसदीय दलको नेता चयन गरेको छ। हाम्रो नेपाली पार्टी र नेपाल मजदुर किसान पार्टीले प्रदेश संसदीय दलको नेता चयन गरेसँगै प्रदेश सभामा ६ दलले संसदीय दलको नेता चयन गरेको हो ।

हाम्रो नेपाल पार्टीले बागमती प्रदेश संसदीय दलको नेतामा सर्वसम्मत रुपमा शैलेन्द्रमान बज्राचार्यलाई चयन गरेको छ । शनिबार काठमाडौंमा बसेको दलको बैठकले बज्राचार्यलाई प्रदेश संसदीय दलको नेतामा सर्वसम्मत चयन गरेको हो । बज्राचार्य काठमाडौं निर्वाचन क्षेत्र ८ को १ बाट प्रदेश सभा सदस्यमा निर्वाचित हुनुभएको हो । बागमती प्रदेश सभामा हाम्रो नेपाली पार्टीका दुई जना मात्र प्रदेश सदस्य छन्। एक जना प्रत्यक्षतर्फ र एक जना समानुपातिकबाट प्रदेश सभा सदस्यमा निर्वाचित भएका हुन् । बज्राचार्यले हाम्रो नेपाली पार्टी अहिले तत्काल सरकारमा जाने विषय र कस्लाई समर्थन गर्ने भनी छलफल भइनसकेको बताउनुभयो ।

यस्तै, नेपाल मजदुर किसान पार्टी (नेमकिपा) ले बागमती प्रदेश संसदीय दलको नेतामा सुरेन्द्रराज गोसाईलाई सर्वसम्मत रुपमा चयन गरेको छ । आइतबार काठमाडौंमा बसेको दलको बैठकले गोसाईलाई संसदीय दलको नेतामा चयन गरेको हो। गोसाई भक्तपुर निर्वाचन क्षेत्र १ को २ बाट प्रदेश सभा सदस्यमा निर्वाचित हुनुभएको हो । बागमती प्रदेश सभामा नेमकिपाको तीन जना सांसद छन्। गोसाईले अहिले नेमकिपा प्रतिपक्षमा बस्ने बताउनुभयो । उहाँले प्रतिपक्षमा बसेर सरकारलाई रचनात्मक सुझाव दिने बताउनुभयो ।

बागमती प्रदेश सभामा ७ सात दल रहेकोमा नेकपा एकीकृत समाजवादी पार्टीले मात्र संसदीय दलको नेता चयन गर्न बाँकी छ। बागमती प्रदेश सभामा नेकपा एकीकृत समाजवादीको ७ जना सांसद छन् । यसअघि नेकपा एमालेले जगन्नाथ (जेएन) थपलिया, नेपाली काँग्रेसले बहादुर सिंह लामा, नेकपा माओवादी केन्द्रले शालिकराम जम्कट्टेल र राप्रपाले उद्धव थापालाई संसदीय दलको नेता चयन गरिसकेको छ। संसदीय दलको नेता चयन भए पनि प्रदेश सरकार गठन तथा सरकारको नेतृत्वको विषयमा छलफल हुन सकेको छैन। संघीय सरकार गठनका बेला नेकपा एमालेको नेतृत्वमा बनेको गठबन्धन दलका शीर्ष नेताबीच प्रदेशमा सरकार नेतृत्वको विषयमा सहमति हुन बाँकी नै रहेकोले प्रदेश सरकार गठनका लागि दलहरुबीच प्रयत्न अगाडि बढ्न नसकेको हो ।

# सचिवहरुलाई प्रधानमन्त्रीको ३० बुँदे निर्देशन

काठमाडौं: प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सरकारका सचिवहरुलाई ३० बुँदे निर्देशन दिएका छन्। सोमबार र मंगलबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सचिवहरुको कुरा सुनेपछि उनले ३० बुँदे निर्देशन दिएका हुन् ।

उनले विकास खर्च कम हुनुको कारण के हो भनी प्रश्न गरेका छन् र नीतिगत तहमा समस्या भए सुधारका प्रस्ताव ल्याउन आग्रह गरेका छन् । 'तर कार्यान्वयनमा देखिएका कमजोरी अब कसैलाई पन्छ्याएर उम्किन मिल्दैन' उनले भनेका छन्, 'एकातर्फ लक्ष्यअनुसार राजस्व नउठ्ने, पूँजीगत खर्च नहुने, अर्कोतर्फ भएको खर्च पनि बेरुजु पर्ने र फछ्र्यौट नहुने भनेको वित्तीय प्रशासनको पूरा चक्र नै समस्याग्रस्त रहेको देखियो । यसमा संवेदनशील हुन जरुरी छ ।'

*स्रोत: अनलाइनखबर ।*

# सर्भरमा समस्या आएपछि राहदानी सेवा अवरुद्ध

समाज संवाददाता

हेटौंडा: राहदानी विभागको अनलाइन सर्भरमा समस्या भएको भन्दै जिल्ला प्रशासन कार्यालय मकवानपुरले राहदानीसम्बन्धी सम्पूर्ण सेवा स्थगित गरेको छ । मंगलबार एक सूचना जारी गर्दै जिल्ला प्रशासन कार्यालयले राहदानीसम्बन्धी सेवा स्थागित गरिएको जनाएको छ ।

पछिल्लो समय राहदानी बनाउन सेवाग्राहीले अनलाइनमार्फत समय लिनुपर्ने व्यवस्था गरिएको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरका कम्प्युटर अपरेटर आशिष पौडेलका अनुसार राहदानी विभागले नै सर्भरमा समस्या भएर सेवा अवरुद्ध भएको भनी विज्ञप्ति जारी गरेपछि जिल्ला प्रशासन कार्यालयले पनि सर्वसाधारणको जानकारीका लागि सूचना प्रकाशित गरेको उल्लेख गर्नुभयो । सर्भरमा देखिएको समस्या समाधान भएलगत्तै सेवा सुचारु हुने पौडेलको भनाइ छ । मकवानपुर जिल्लामा दैनिक १ सय ५० भन्दा बढीले राहदानी प्राप्तीका लागि अनलाइनमार्फत आवदेन दिने गरेका छन् ।

राहदानी बनाउनका लागि फोटो खिचाउने र आवश्यक विवरण संकलन गर्नका लागि अनलाइनमार्फत सेवाग्राहीले आवेदन दिएपछि तुरुन्तै सेवा प्राप्त हुने मिति र समयसहितको विवरण अनलाइनमार्फत नै प्राप्त हुन्छ । जिल्ला प्रशासन कार्यालयले साताको शुक्रबार बिहान १० बजेदेखि दिनको ३ बजेसम्मका लागि अनलाइनमार्फत आवेदन दिन सक्ने व्यवस्था मिलाएको छ । माघ २ गतेदेखि माघ १७ गतेसम्म राहदानीका लागि आवेदन फारम भर्नका लागि गत पुस १ गते अनलाइनमार्फत एक हजार छ सय ५० जनाले समय लिइसकेका छन् भने पुस १४ गते थप पाँच सय ५० जनाले अनलाइनमार्फत राहदानीका लागि आवेदन दिने समय लिइसकेका छन् ।

**हार्दिक आभार**

सार्वजनिक शैक्षिक गुठीको अवधारणामा समाजका भविष्य आजका बालबालिकाको उचित शिक्षाका लागि सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी सञ्चालनमा आएको **३० वर्ष** पूरा भएको छ । यो तीन दशक हामीले तपाईं आदरणीय अभिभावक वर्गको महत्वपूर्ण साथ, सहयोग प्राप्त गरेका छौं । हामीप्रति विश्वास गर्नुहुने, साथ र सहयोग गर्नुहुने सम्पूर्ण अभिभावकप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तर साथ र सहयोग प्राप्त हुने अपेक्षा राखेका छौं ।

संस्थापक अध्यक्ष: ऋषिराम आचार्य

**तथा सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी परिवार**

**हेटौंडा-१०, मकवानपुर**

# संघको व्यापार महोत्सवको कपडा व्यवसायीद्वारा विरोध, प्रशासन र नगर प्रमुखलाई ध्यानाकर्षण




*नगर प्रमुख मीना कुमारी लामालाई ध्यानाकर्षणपत्र बुझाउनुहुँदै अध्यक्ष नेत्रप्रसाद खतिवडा ।*

समाज संवाददाता

हेटौंडा: मकवानपुर उद्योग वाणिज्य संघले आगामी माघ महिनामा आयोजना गर्ने भनिएको राष्ट्रिय औद्योगिक व्यापार महोत्सवको कपडा व्यवसायीले विरोध गरेको छ । मकवानपुर उद्योग वाणिज्य संघकै वस्तुगत संघको रुपमा रहेको कपडा तथा तयारी पोशाक व्यवसायी संघ मकवानपुरले व्यापार महोत्सवको विरोध गर्दै महोत्सवलाई प्रवर्द्धनात्मक तथा प्रदर्शनात्मक बनाउन माग गरेका छन् ।

कपडा तथा तयारी पोशाक व्यवसायी संघले मंगलबार मकवानपुरका प्रमुख जिल्ला अधिकारी र हेटौंडा उपमहानगर पालिकाका प्रमुखलाई ध्यानाकर्षणपत्र बुझाएर मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा हुन लागेको महोत्सवलाई व्यापार महोत्सवको रुपमा नभई प्रवर्द्धनात्मक महोत्सवको रुपमा मात्रै सञ्चालनका लागि सहजीकरण गरिदिन माग गरेको हो। कपडा तथा तयारी पोशाक व्यवसायी संघ मकवानपुरका अध्यक्ष नेत्रप्रसाद खतिवडाले बुधबार हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिना कुमारी लामा र मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डेलाई ध्यानाकर्षणपत्र बुझाउनु भएको छ ।

आर्थिक मन्दीका कारण व्यवसाय टाट पल्टने अवस्था आएका बेला व्यापार महोत्सवले जिल्लाका एक हजार कपडा तथा तयारी पोशाक व्यवसायी मारमा पर्ने उल्लेख गर्दै प्रवर्द्धनात्मक महोत्सव आयोजना गर्न संघले ध्यानाकर्षण गराएको छ। कपडा तथा तयारी पोशाकको व्यापार गर्ने गरी महोत्सवमा स्टल राखिए पेशागत हितमा जस्तोसुकै संघर्षको कार्यक्रम गर्न बाध्य हुने चेतावनी पनि संघले दिएको छ । मकवानपुर उद्योग वाणिज्य संघले माघ ११ गतेदेखि २३ गतेसम्म राष्ट्रिय औद्योगिक व्यापार महोत्सव आयोजना गर्ने जनाएको छ ।




**सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं**

रेडियो निकास ९३.४ हेटौंडा, मकवानपुर

The Voice of Community

**तरकारी व्यवसायी संघको सूचना**

नेपाल फलफूल तथा तरकारी व्यवसायी संघको हेटौंडा-१० बसपार्कमा संचालित तरकारी फलफूल बजार हेटौंडा १ नदीउकाश क्षेत्र चौकीटोलमा सरेको हुँदा सम्पूर्ण कृषकवर्ग, व्यवसाय, उपभोक्ताहरुमा जानकारी गराउँदछौं ।

**खड्क बहादुर मुक्तान, अध्यक्ष**

**केन्द्रिय सदस्य मकवानपुर जिल्ला संघ**

# सम्पादकीय

## प्रदेशको औचित्य पुष्टि गरौं

बागमती प्रदेशको दोस्रो कार्यकालको प्रदेशसभा पहिलो बैठक सोमबार हेटौंडामा बसको छ । प्रदेशसभाको सभामुख चयन नभए पनि ज्येष्ठ सदस्यको अध्यक्षतामा बैठक बसेको हो । केही दिनअघि प्रदेशसभा सदस्यहरुले पद तथा गोपनीयताको शथपग्रहण गरेपछि प्रदेशसभा बैठक बसेको हो । गत मंसिर ४ गते प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन भएको थियो । निर्वाचनको अन्तिम परिणाम मंसिर अन्तिमतिर निर्वाचन आयोगले घोषणा गरेपछि संघीय प्रतिनिधिसभा र सातवटै प्रदेशको प्रदेशसभा बैठक बस्ने क्रम सुरु भएको हो । संवैधानिक व्यवस्थाअनुसार निर्वाचन सम्पन्न भएर अन्तिम परिणाम सार्वजनिक भएको तीस दिनभित्र प्रदेशसभा बैठक बोलाउनुपर्ने हुन्छ । सम्बन्धित प्रदेशको प्रमुखले प्रदेशसभा बैठक आह्वान गरेपछि प्रदेशसभा बैठक बस्ने कानुनी व्यवस्था छ । सोमबार बसेको बागमती प्रदेशसभामा राजनीतिक दलहरुका संसदीय दलका नेता तथा प्रतिनिधिले शुभकामना मन्तव्य व्यक्त गरेका छन् । प्रदेशसभाको पहिलो बैठकमा विभिन्न ५ वटा अध्यादेश पेश भएका छन् । सभामुख निर्वाचनका लागि आगामी पुस २९ गते बिहान ११ बजे बैठक बस्ने गरी प्रदेशसभाको सोमबारको पहिलो बैठक स्थगित भएको छ ।

देशमै नयाँ प्रयोगको रुपमा प्रादेशिक संरचनाको परिकल्पना गरिएको हो । संघीयतालाई सार्थक बनाउन र व्यापकता दिन प्रदेश संरचनाको व्यवस्था गरिएबमोजिम प्रदेशको ५ वर्षे पहिलो कार्यकाल समाप्त भइसकेको छ । प्रदेश तहको संसदीय तथा सरकारको अभ्यास नौलो भएकाले सुरुवातको समयमा केही अलमल भए पनि पाँच वर्षको अवधिमा प्रदेशहरुले उल्लेख्य नतिजा आउने काम गर्न सकेको पाइँदैन । विशेषगरी प्रदेश सरकारहरुले आम नागरिकले महसुस गर्ने नतिजामूलक काम गर्न नसक्दा यसको औचित्यबारे पनि चर्चा सुरु भएको थियो । केही राजनीतिक दलहरुले समेत प्रदेश तहको संरचनाको खारेजीको माग गर्दै चुनावी एजेण्डासमेत बनाएका थिए । संघीय सरकार र स्थानीय सरकारको बीचमा बसेर काम गर्दा प्रदेश सरकारको औचित्य कम देखिएको छ । संघ र स्थानीय तहले आ-आफ्ना अधिकार प्रयोग गर्दा प्रदेश तहको अधिकार कुण्ठित भएको आवाजहरु पनि उठ्ने गरेका थिए । अधिकारको हिसाबले स्थानीय तह बलियो हुँदा र संघले प्रदेशलाई पर्याप्त अधिकार नदिँदा प्रदेशले प्रभावकारी काम गर्न नसकेको गुनासो प्रदेश सरकारले गर्दै आएको थियो ।

जे जस्तो भए पनि पुन: ५ वर्षका लागि प्रदेश तहको संरचनाले निरन्तरता पाइसकेको छ । अब प्रदेश तहको औचित्यको बहस ५ वर्षपछि निर्वाचनअघि गर्ने हो । अबको ५ वर्षलाई प्रदेशको औचित्य पुष्टि गर्ने जिम्मेवारी प्रदेशसभा सदस्य तथा सम्बद्ध राजनीतिक दलहरुमा आएको छ । विगतका कमीकमजोरी र त्रुटीहरुलाई सुधार्दै संघ, प्रदेश र स्थानीय तहबीच उच्चतम समन्वय, सहकार्य र अधिकारको उचित बाँडफाँडसहित नतिजामुखी काम गर्नु आवश्यक छ । प्रदेशसभाको सभामुख, उपसभामुख र मुख्यमन्त्रीमा चयन गर्दै प्रदेशसभा र प्रदेश सरकारलाई पूर्णता दिन ढिलाइ गर्नु हुँदैन । यसअघि राजनीतिक भागबण्डा मिलाउन फुटाइएका मन्त्रालय गाभेर सानो आकारको मन्त्रिमण्डल बनाइनुपर्छ । प्रदेश तहको लागि आवश्यक ऐन, नियम निर्माणलाई तिब्रता दिएर प्रादेशिक संरचनाहरुको पूर्वाधार निर्माण पूरा गर्नुपर्ने प्रदेशको केही मुख्य कार्यभारलाई प्रदेशसभाले बुझ्नु आवश्यक छ ।

संघीय शासन प्रणालीप्रति राजनीतिक दल तथा आम नागरिकको ठूलो अपेक्षा छ । संघीयताको सफल कार्यान्वयनका लागि प्रादेशिक संरचनाले आफ्नो औचित्य पुष्टि गर्नुपर्छ । प्रदेशसभा र सरकारले प्रदेश तहको व्यवस्थापन र सुसञ्चालनका लागि आवश्यक कार्य गर्न अलमलिने छुट अब छैन । प्रदेशसभा र प्रदेश सरकारलाई गतिशील र नतिजामुखी बनाउने काम सम्बन्धित प्रदेशको व्यवस्थापिका र कार्यपालिकाले गर्ने हो । प्रदेशमा चहिने ऐन, कानुन, बजेट, योजना प्रदेशले नै बनाउने हो । यसका लागि संघीय सरकारले पनि आवश्यक सहकार्य, संयोजन, समन्वय र सहयोग गर्नु आवश्यक छ ।

# हेटौंडामा बालमैत्री अभियान



विष्णुकुमारी लामिछाने

हेटौंडा उपमहानगरपालिकाले बालअधिकार संरक्षण एवं प्रवर्द्धन गर्दै पालिकाको नीति, कार्यक्रम, सेवा प्रवाह र संरचनालाई बालमैत्री बनाउन प्रतिबद्धताका साथ अघि बढेको छ । आ.व. २०७९/८० मा बालमैत्री अभियान सञ्चालन गर्नको लागि बजेट विनियोजन गर्दै नगरस्थित सम्पूर्ण सरोकारवालाहरुलाई गत भाद्र ५ गते अभिमुखिकरण गर्दै सोही कार्यक्रममा नगर प्रमुखको संयोजकत्वमा बालमैत्री स्थानीय शासन नगर समिति गठन गरिएको थियो । नतिजामूखी कार्ययोजना स्वीकृत गरेको र सम्पूर्ण सूचकहरु पुरा गर्दै वडाहरु बालमैत्री बनाएर वि.सं. २०८० मंसिर मसान्तभित्र बालमैत्री उपमहानगरको रुपमा स्थापित गर्ने सम्पूर्ण सरोकारवालाहरुबाट हस्ताक्षरसहित प्रतिबद्धता समेत व्यक्त भएको छ ।

नेपालको संविधान भाग ३ मौलिक हक धारा ३९ मा १० वटा उपधारामा उल्लेखित बालबालिकाका हकहरु नै बालमैत्री स्थानीय शासन सञ्चालनका मूल आधार हुन् । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा १२ वडा समितिको काम कर्तव्य र अधिकार अन्तर्गत (ग) मा बालउद्यानको व्यवस्था गर्ने, बालसमूह तथा बालसञ्जाल व्यवस्थापन गर्ने, आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने, वडालाई बालमैत्री बनाउने लगायतका जिम्मेवारीहरु उल्लेख गरिएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बालमैत्री स्थानीय शासन अवलम्बन तथा घोषणा प्रकृयामा सहजता र सबै पालिकामा एकरुपता होस् भनी बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ जारी गरेको छ । यिनै कानूनको परिधिमा रहेर वि.सं. २०८७ सम्ममा सबै स्थानीय तहले आ-आफ्नो पालिकालाई बालमैत्री बनाउनुपर्ने जिम्मेवारी पूरा गर्नुपर्ने हुन्छ ।

यो सागै नेपाल सरकारले जारी गरेको बालबालिका सम्बन्धी ऐन, २०७५ र नियमावली २०७८ लाई कार्यान्वयन गर्न हेटौंडा उपमहानगरपालिकाले बालसमूह सञ्जाल गठन तथा परिचालन निर्देशिका २०७६, बालबालिका सम्बन्धी ऐन २०७७, बालकोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७९ तथा बालअधिकार संरक्षण नीति २०७७ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । नगरस्तरीय बालअधिकार समिति उपप्रमुखको संयोजकत्वमा गठन भई क्रियाशिल रहेको छ । त्यसैगरी नगरप्रमुखको संयोजकत्वमा बालमैत्री स्थानीय शासन नगर समिति र प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा कार्यान्वयन सहजीकरण समिति गठन भइ क्रियाशिल रहेका छन् ।

कार्यान्वयन सहजीकरण समितिका पदाधिकारी तथा उपमहानगरमा रहेका विभिन्न गैससका प्रमुख तथा प्रतिनिधिहरुसाग बालमैत्री स्थानीय शासनका सूचक, वस्तुगत विवरणका लागि प्रश्नावली र नगरलाई बालमैत्री बनाउन संघ संस्थाबाट गरिने लगानी सहितको प्रतिबद्धता सम्बन्धि छलफल गरिएको छ । सोही बमोजिम बाल हेल्पलाईन(१०९८), राडो नेपाल, रुईस्थर बेन्जामिन तथा मामाघर नेपालबाट प्रतिबद्धता पत्र समेत प्राप्त भइ सोही बमोजिम कार्यक्रमहरुमा सहकार्य भैरहेको छ ।

नगरको बालवस्तुगत विवरण तयारीको लागि तथ्याक्त संकलन गर्न ३० जना तथ्याक्त सक्तलकहरुको लागि भर्ना प्रकृया अगाडी बढेको छ । त्यसैगरी बालमैत्री अभियानलाई चुस्त रुपमा अगाडी बढाउन १९ वटै वडाको लागि १/१ जना वडास्तरीय बालमैत्री सहजकर्ता र १ जना नगरस्तरीय सहजकर्ता गरी जम्मा २० जनाको भर्ना पनि प्रकृयामा नै रहेको छ । वडा बालमैत्री नभई नगर बालमैत्री हुन नसक्ने विषयलाई समेत मध्यनजर गर्दै यो अभियान वडा केन्द्रित भएको छ । सम्पूर्ण वडा सचिवहरु तथा बालमैत्री वडा सम्पर्क व्यक्तिलाई बालमैत्री सूचक र वडाले पूरा गर्नुपर्ने जिम्मेवारीको बारेमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।

उपमहानगरका १९ वटै वडामा सम्पूर्ण सरोकारवालाहरुलाई बालमैत्री स्थानीय शासन सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ । प्रत्येक वडामा वडा अध्यक्षबाट १ जना वडा सदस्यलाई बालमैत्री सम्पर्क व्यक्ति तोकिसकिएको छ । चारै जना वडा सदस्यहरुलाई बालमैत्री अभियान सञ्चालन गर्ने जिम्मेवारीका साथ वडामा रहेका टोल विकास संस्था र भौगोलिक क्षेत्र विभाजन गरिएको छ । त्यसैगरी वडामा बालमैत्री अभियानलाई सार्थक रुपमा संयोजन गर्न सरोकारवालाको सहभागिता रहने गरी वडा अध्यक्षको अध्यक्षतामा १५ सदस्यीय बालमैत्री स्थानीय शासन वडा समिति गठन गरिएको छ । प्रत्येक वडाका सरोकार वालाहरुको समन्वयमा बालमैत्री सूचकहरु पूरा गरी वडालाई बालमैत्री बनाउने मिति समेत तय भई प्रतिबद्धतामा सामूहिक हस्ताक्षर भएको छ । अभिमुखीकरण कार्यक्रममा वडाका जनप्रतिनिधिहरु, विद्यालय व्यवस्थापन समितिका सबै अध्यक्ष, सबै प्रधानाध्यापकहरु, स्वास्थ्य संस्थाका प्रमुख, स्वयंसेविकाहरु, टोलविकास संस्थाका अध्यक्षर प्रतिनिधिहरु, मेलमिलापकर्ता, स्थानीय प्रहरी, बालसमूहका बालबालिकाहरु, महिला जागरण समूह, युवा क्लबको प्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो ।


उपमहानगर क्षेत्रभित्र मागने काममा या श्रमिकको रुपमा बालबालिका प्रयोग नगर्न विभिन्न सञ्चार माध्यमबाट अपिल गरिएको छ, नगरप्रहरी मार्फत् माइकिङ गरी सूचना प्रसारण पनि गरिएको छ । नगरक्षेत्रभित्र यस्ता घटनाहरु देखिएमा वा कसैले उपमहानगरपालिका, बालहेल्पलाईन, जिल्ला प्रहरी कार्यालय र श्रम कार्यालयमा जानकारी गराएमा यथाशिघ्र कारवाही प्रकृया अगाडी बढाइएको छ । हेटौंडा बाहिरबाट बालबालिका ल्याइ श्रमिकको रुपमा कार्यरत ५ जना बालबालिका माथि उल्लेखित कार्यालयहरुको समन्वयमा व्यवसायी र परिवारका सदस्यहरु उपस्थित गराई उक्त कार्य आगामी दिनमा नदोहोर्‍याउने लिखित प्रतिबद्धता गराई पारिवारिक पुनर्स्थापना गराईएको छ ।

पछिल्लो समयमा बालबालिकाको क्षेत्रमा देखिएको अर्को समस्याको रुपमा रहेको नशालु पदार्थको सेवन हो । यसको निवारणको लागि घर परिवार, विद्यालय र व्यवसायी सचेत एवं इमान्दार हुनुपर्दछ । अभिभावकले नशालु पदार्थ सेवन नगर्ने र यस्ता वस्तुको खरीदमा बालबालिकाको प्रयोग गर्नुहुादैन । शिक्षकले सकरात्मक अभिमुखीकरण मार्फत् खराब आचरण तर्फ उन्मूख नहुनको लागि शिक्षा प्रदान गर्ने र व्यवसायीले १८ वर्ष नपुगेका कुनै पनि बालबालिकालाई नशालु पदार्थ बिक्री वितरण नगरी व्यवसायिक धर्म निभाउनुपर्दछ । यत्ति मात्र गर्दा पनि अधिकांश बालबालिका कूलतमा फस्नबाट जोगिन्छन् । १८ वर्ष नपुगेका बालबालिकालाई नशालु पदार्थ बिक्रि वितरण नगर्न सूचना प्रवाह नगरपालिकामार्फत् भैरहेको छ । क्रमशः बजार अनुगमनको क्रममा पनि यो विषयमा नगरपालिकाले ध्यान दिनेछ र यदि कानून विपरितको कार्य भएको पाइएमा कानून बमोजिम कारवाहीको दायरामा ल्याइनेछ ।

हेटौंडा उपमहानगरपालिकाले सञ्चालन गरेको यस बालमैत्री अभियानमा शाखारमहाशाखाका कर्मचारी वा नगरपालिकाको मात्र जिम्मेवारी हो भन्ने बुझाई पक्कै पनि वडा कार्यालय, विद्यालय, टोल विकास संस्था, व्यवसायी, गैसस, सञ्चारकर्मी एवं आम नगरवासीले राख्नुहुने छैन भन्ने अपेक्षा हाम्रो छ । बालमैत्री अभियानलाई मूर्तता दिन हरेक व्यक्ति, परिवार, विद्यालय, टोल विकास संस्था, स्वास्थ्य संस्था, सामुदायिक संघ संस्था, सञ्चारमाध्यम अनि सिङ्गो वडाको अहम् भूमिका रहेको हुन्छ । त्यसर्थ सबैले आ-आफ्नो कर्तव्यबोध गर्दै जिम्मेवारी बहन गरी हाम्रो उपमहानगरलाई छिट्टै नै बालमैत्री नगरको रुपमा स्थापित गर्न सबै जुटौं कोही नछुटौं ।

*अधिकृतस्तर*
*हेटौंडा उपमहानगरपालिका*

# शिक्षा क्षेत्र चरम व्यापारमा रुपान्तरित हुँदा देश असफलताको भूमरीमा



ईश्वरीप्रसाद पोखरेल

### जनशक्ति विकासमा प्रादेशिक/क्षेत्रीय असमानता

गुणस्तरीय जनशक्तिको सन्तुलित रुपमा विकास आवश्यक छ । तर भौतिक, प्राविधिक, मानवीय पक्षबाट भने समानता र सन्तुलन हुन सकेको छैन । जनशक्ति विकास सम्बन्धी स्पष्ट राष्ट्रिय नीतिको अभावले गर्दा ग्रामीण क्षेत्रमात्र होइन दूरदराजका पिछडिएका क्षेत्र तथा जिल्लास्तरहरूमा समेत जनशक्तिको विकास तथा सेवा प्रवाहको अवस्थामा खासै परिवर्तन आउन सकेको छैन ।

खासगरी उच्च शिक्षा र प्राविधिक तथा व्यवसायिक तालिम प्रदायक संस्थाहरुको भौगोलिक वितरणको विद्यमान अवस्था हेर्दा जनशक्ति विकासको चाहना न्यायिक बनाउन सकिरहेको छैन । कतिपय सेवा क्षेत्रका पहुँच र सेवा विस्तारका सन्दर्भमा क्षेत्रीय सन्तुलन कायम हुन नसकेको मात्र हैन धेरै नै असमानता बढ्दै गएको देखिन्छ । फलतः प्रादेशिक सन्तुलनका हिसाबले जनशक्तिको विकासका आधार शैक्षिक संस्थाहरुको संरचना फेरबदल गरिनुपर्ने देखिन्छ :

- नेपालको संविधानमा व्यवस्था भएअनुसार हरेक नागरिकले काम गर्न पाउने अधिकारलाई सुनिश्चत गर्न,
- मर्यादित काम गर्नको लागि आम क्षेत्रहरुको विस्तार गर्ने र मर्यादित काम गर्नको लागि मानिसहरुको शिक्षा, सिप र क्षमता विकास गर्न पाउने अवसर पाउन,
- न्यून उत्पादकत्व रहेको अनौपचारिक क्षेत्रबाट अधिक उत्पादकत्व भएको औपचारिक क्षेत्रतर्फ जनशक्तिलाई स्थानान्तरण (Shift) गर्ने ।

यी प्रतिबद्धता हाम्रा लागि शैक्षिक व्यवस्थापकीय चुनौती हुन् र समाधान नगरी सभ्य, शिष्ट र समुन्नत राष्ट्रका नागरिक हुन पनि सक्दैनौं ।

जनशक्तिलाई मर्यादित पेसामा रुपान्तरण सवाल

देशमा कृषि पेसामा संलग्न जनसंख्या कुल जनसंख्याको ६४ प्रतिशतको हाराहारीमा छ । तर कृषिजन्य उत्पादनबाट नेपाली कृषि अर्थतन्त्र आत्मनिर्भर हुन नक्नुका २ वटा मुख्य कारणहरु अनुमान गर्ने गरिन्छ ।

- कृषि लगायतका प्राथमिक पेसामा कार्य गर्ने जनशक्तिलाई मर्यादित पेसा एवम् जनशक्तिको रूपमा हेर्ने दृष्टिकोणको सर्वत्र कमी छ ।
- कृषिमा आधुनिकिकरण तथा प्रविधिको उचित प्रयोग हुन नसक्नु, मलखादको उपलब्धता, सिञ्चाइ व्यवस्थापन, जस्ता कारणले श्रमबजार अनुसार लागत मूल्य पनि बढ्न गई बजारीकरणमा समेत प्रभाव पर्न गएकाले कृषि क्षेत्रका कृषकमा वितृष्णा पैदा हुने गरेको छ ।
- अन्तर्राष्ट्रिय वैदेशिक खुला सिमा, विदेशी आयात निर्यातमा सरकारी उदारीकरण नीतिको प्रभाव, नेपाली कृषि बजारले हस्तक्षेपकारी प्रभाव पार्न नसक्दा कृषि कर्म वा पेसा छाडी जग्गा बाँझो राख्ने संस्कारमा वृद्धि भएको छ ।

### मर्यादित काम/रोजगारी र उत्पादकत्व न्यूनताको सवाल

शिक्षा तथा तालिमबाट आर्जित सिपरहित वा प्राथमिक सिपमा आधारित ठूलो हिस्सा (६४.७९ प्रतिशत) कृषि, पशुपालन तथा अन्य क्षेत्रमा संलग्न जनशक्तिलाई अनौपचारिक कामबाट मर्यादित औपचारिक क्षेत्रमा स्थानन्तरण गरी उच्च दरले उत्पादकत्व बढाउन योजनावद्ध रुपमा सकिएन भने राज्यको उच्च आर्थिक वृद्धि दर हासिल गर्ने उद्देश्य नारा र भाषणले पुरा हुन सक्दैन । राष्ट्रमा समुन्नति ल्याउनको लागि जनशक्तिको स्थानान्तरण (Transformation) पहिलो शर्त लाग्दछ ।

### दक्ष जनशक्ति आवश्यकता पहिचान तथा व्यवस्थापन सवाल

राज्यको विभिन्न अंगमा कार्य गर्न सामाजिक तथा आर्थिक क्षेत्रमा आएको तथा देख्न, भोग्न पाइएको परिवर्तन सँगै समाजलाई अगाडि बढाउन आवश्यक छ । यसो गर्न विकासको नीति, योजना र कार्यक्रमहरुले बजार माग अनुसारको दक्ष जनशक्तिको आवश्यकतालाई निर्धारण गर्दछ । विशेष र फरक प्रकृतिको काम गर्न विशेष क्षमता र सिप भएको जनशक्तिको सयौं समूह, उपसमूह र ससाना क्षेत्रका दक्ष नागरिकहरुको आवश्यकता पर्दछ । अतः समय अनुसार त्यस्तो जनशक्तिको माग पनि फरक फरक हुने हुनाले हरेक वर्ष त्यस्तो दक्ष कामदारको सूची तयार गरी अद्यावधिक बनाउन सकिएमा मात्र राज्यले त्यसको उचित प्रयोग गरी समय सापेक्ष जनशक्तिको आवश्यकतालाई शैक्षिक कार्यक्रमहरुमार्फत सम्बोधन र बजारमा प्रतिविम्वित गर्दछ ।

यही सूचीको आधारमा जनशक्तिको बजारमा आपूर्तिको व्यवस्था मिलाउनु पर्ने हुन्छ । विषय क्षेत्रमा आवश्यक सेवा, समूह, उपसमूहको वर्गीकरण गरी जनशक्ति उत्पादन योजना र ...बाँकी पृष्ठ ३ मा

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : विद्या प्राप्ति पठन केन्द्रमा मन केन्द्रित होला । |
| **वृष** | : बुद्धि र विवेकको सही सदुपयोग हुने समय छ । |
| **मिथुन** | : भेटघाट र बैठकका काममा समय बित्ला । |
| **कर्कट** | : आशिर्वादले महत्वपूर्ण काम बन्न सक्ने योग छ । |
| **सिंह** | : नकारात्मक उर्जामा वृद्धि हुनाले चिन्ता बढ्ला । |
| **कन्या** | : व्यापार-व्यवसायका कामबाट लाभ प्राप्त । |
| **तुला** | : प्रशासनिक तथा मुद्दामामिलामा विजय प्राप्त । |
| **वृश्चिक** | : रचनात्मक काममा जुट्दा रमाइलो होला । |
| **धनु** | : व्यापार-व्यवसाय मध्यमकारक रहने समय छ । |
| **मकर** | : परोपकारजन्य काममा सरिक भइने समय छ । |
| **कुम्भ** | : कार्यक्षेत्रमा बोली र कामको प्रशंसा होला । |
| **मीन** | : घरायसी र अन्यकाममा पनि ध्यान केन्द्रित होला । |

# ‘शिक्षा नीति नभएकोले विधि बन्न पनि सकेको छैन’

संघीयता कार्यान्वयनपछि विद्यालय तहको शिक्षा स्थानीय सरकारको जिम्ममा आइपुगेको छ । स्थानीय सरकारले पहिलो कार्यकाल पूरा गरेर दोस्रो कार्यकालको सुरुवाती समय गुजारिसकेको छ । विद्यालय शिक्षामा स्थानीय सरकारले गरेका काम, कारवाहीका विषयमा समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले हेटौंडा उपमहानगरपालिकाका शिक्षा महाशाखा प्रमुख गंगाधर रिमाल र हेटौंडा-१४ स्थित जनज्योति माविका प्रधानाध्यापक भोगेन्द्र लुइटेलसँग गर्नुभएको कुराकानी:


भोगेन्द्र लुइटेल र गंगाधर रिमाल

संघीयता लागु भएपछि संघीय सरकारले स्थानीय तहलाई विद्यालय शिक्षा हस्तान्तरण गरेको छ, तपाईहरुले काम गरिरहँदा पहिले र अहिलेमा के फरक पाउनुभएको छ ?

**रिमाल**: संघीयता लागु भएपछि प्रशासनिक संरचनामा केही फेरबदल भएको छ । पहिलेको संरचना अन्तर्गत हाम्रो प्रशासनिक संरचना र जवाफदेहिता शिक्षामन्त्रालयसम्म हुनुपर्थ्यो भने अहिले नगर कार्यपालिका मातहातमा रहेर काम गर्नुपर्ने हुन्छ । हामीलाई नेतृत्व दिने राजनीतिक नेतृत्वहरुले नै नीति बनाउछन् र त्यही नीतिअन्तर्गत रहेर हामीले काम गरिहेका छौा । संघीयता लागु हुनुभन्दा अगाडिको शिक्षा एकजना उपसचिवको नेतृत्वमा जिल्लाभरि नै चलेको हुन्थ्यो । त्यतिबेला हामीले केही गुनासो गर्नुपर्दा पनि शिक्षा मन्त्रालय तथा क्षेत्रीय शिक्षा निर्देशनालय हुादै शिक्षा मन्त्रालयसम्म पुग्नुपर्थ्यो । जसको कारण निर्णयमा एकदमै ढिलासुस्ती हुन्थ्यो । तर अहिले दशौं तहको अधिकृतको नेतृत्वमा नगरभित्रको शैक्षिक तथा प्रशासन चलेको छ । हाम्रो गुनासो पनि नगर कार्यपालिकाले नै सुनेर निर्णय छिटो प्राप्त हुने गरेको छ ।

तपाई भन्दा माथिल्लो तहमा रहेको सामाजिक विकास समितिले शिक्षालाई बुझ्रेर कसरी सहजीकरण गरिरहेको छ ?

रिमाल: केही कुरा हामीले माथिल्लो तहमा रहेका जनप्रतिनिधिहरुलाई बुझ्राउन र उहाँहरुले त्यो कुरा बुझ्न सक्नुभएन भने निर्णयमा केही ढिलासुस्ती हुन जान्छ । अहिलेसम्म हामीले शिक्षाको वर्तमान नीति तथा राष्ट्रिय नीति, ऐन–नियममा भएका व्यवस्थाहरु लगायतका विषयमा उहााहरुलाई प्रष्ट पार्न सकेको अवस्थामा अवरोध सिर्जना हुने अवस्था छैन ।

प्रधानध्यापक तथा शिक्षकहरुलाई जवाफदेही र जिम्मेवार हुन जिल्ला शिक्षा कार्यालयले गर्ने सहजीकरणको अभ्यास र अहिलेको अभ्यासमा कतिको अन्तर पाउनुभएको छ ?

**लुइटेल**: वर्तमान संविधानले ल्याएको स्थानीय आवश्यकता अनुसारको शिक्षा, नीति तथा विधि र व्यवहार भन्ने मूल सैद्धान्तिक पक्ष एकदम राम्रो छ । पहिले संघले चलाउादा शिक्षाका स्रोत केन्द्रहरु थियो, समय–समयमा तालिम तथा सहजीकरण हुन्थे, अनुगमन कार्यहरु हुन्थे । अहिले चाहि तलब सुविधा लगायत अन्य पक्षहरुमा ठिकै छ, भौतिक आवश्यकता पऱ्यो भने नगरपालिकासाग कुरा राख्न सक्छौं । तर, संघीय शिक्षा ऐन नभएकोले नीतिगत र विधिगत कुराहरुमा पछाडि परेका छौा । शिक्षा नीति नभएकोले विधि बन्न पनि सकेको छैन र व्यवहारमा पनि लागु गर्न सकेको छैन । तथापि नीतिगत र विधिगत कुराले गर्दा हामी शिक्षकहरुलाई चाहि संघीय शिक्षा प्रणाली नै उपयुक्त लागेको छ ।

विद्यालय तहको अनिवार्य शिक्षालाई स्थानीय सरकारले कतिको प्रभावकारी ढंगले कार्यान्वयन गरेको छ ?

**लुइटेल**: अहिले हेटौंडा उपमहानगरलाई बालमैत्री स्थानीय तह घोषणा गर्ने प्रक्रियामा छ । यसको निरन्तरताले विद्यालय तहको अनिवार्य शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहयोग गर्छ जस्तो लागेको छ । किनकी बालमैत्री स्थानीय तह अन्तर्गत शिक्षा, बालबालिका र विद्यालय केन्द्रित हुने भएकोले हेटौाडा उपमहानगरको राम्रो पक्ष जस्तो लागेको छ ।

विद्यालय तहको शिक्षालाई अझ राम्रो र प्रभावकारी बनाउन स्थानीय सरकारले के गरिदिनुपर्ला ?

**लुइटेल**: स्थानीय सरकारले अहिले आएको प्राविधिक अवधारणालाई अपनाएर अन्य क्षेत्रको बजेट काटेर भएपनि एउटा प्राविधिक विद्यालय सञ्चालनमा ल्याउनुपर्छ जस्तो लागेको छ । विद्यार्थीले पाउने छात्रवृत्तिसम्बन्धी विधि, रिक्त पदको शिक्षक दरबन्दी सम्बन्धी व्यवस्था गर्न सकेमा राम्रो हुन्छ । त्यसैगरी प्राविधिक धारमा जोड दिई अनुगमनकर्ताहरुका लागि आवश्यक प्राविधिक तालिम दिएर शिक्षा समितिलाई सक्रिय तथा चलायमान बनाउन सक्यौं भने धेरै कुराहरुमा अगाडि बढ्छ । राम्रो विद्यालयलाई मात्र प्राथमिकतामा नराखी कमजोर विद्यालयलाई पनि राम्रो बनाउन कोसिस गर्नुका साथै निजी तथा सामुदायिक विद्यालयलाई साझेदारी गराउन उचित वातावरण नगर पालिकाले निर्माण गर्न सक्यो भने साास्चिकै हाम्रो हेटौंडा शैक्षिक गन्तव्य बन्न सक्छ ।

अहिलेको अवस्थाबाट अझ राम्रो हुनका लागि उपमहानगरले कस्तो योजना बनाएको छ ? र अब कसरी अघि बढ्ने सोच्नुभएको छ ?

**रिमाल**: हामीले उपमहानगरपालिकाको प्रशासन र उपमहानगरभित्रका सबै सामुदायिक विद्यालयहरुको प्रशासन सहपाठीको रुपमा लिएका छौा । अहिले प्राविधिक शिक्षा उपमहानगरपालिकाको माग मात्र नभई आम मानिसहरुको माग हो । त्यसकारण नगरपालिकाले हेटौंडामा स्नातक तहमा सिभिल इन्जिनियरिङको कलेज चलाउने तयारी गरिरहेको छ । त्यस्तै कानुन संकायतर्फको स्नातकका लागि एलएलबीको माग चारैतिरबाट माग आएकोले एलएलबी पनि ल्याउने तयारी हुादैछ । हेटौंडा बागमती प्रदेशको सदरमुकाम भएकाले यहाा चारैतिरबाट विद्यार्थी आकर्षित भएका छन् । त्यसकारण केही समयपछि विद्यार्थीको माग अनुसार उपमहानगरपालिकाले एमबीबीएस पनि सञ्चालनमा ल्याउनुपर्ने हुन सक्छ । त्यसै अनुसार नगरपालिका अहिलेदेखि नै लागी पर्नुपर्ने हुनसक्छ । हेटौांडालाई शैक्षिक गन्तव्य बनाउनका लागि हामी लागीपरिरहेका छौं ।


## हेटौंडा उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

सूचना प्रकाशित मिति: २०७९/०९/२० गते

**हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको उपभोक्ता समिति मार्फत संचालन भएको योजनाहरुको फरफारक एवं भुक्तानी दावी गर्ने सम्वन्धी अत्यन्त जरुरी सूचना**

प्रस्तुत विषयमा यस हेटौंडा उपमहानगरपालिका कार्यालयबाट विगत वर्षहरूमा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने गरी सम्झौता भएका कतिपय उपभोक्ता समितिहरूले कार्य सम्पन्न गरी भुक्तानी दावी गर्न नआएकोसन्दर्भमा हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको निणर्यानुसार आर्थिक वर्ष २०७६।०७७ सम्म सम्झौता भई भुक्तानी दावी गर्न नआएका उपभोक्ता समितिहरूलाई यो सुचना प्रकाशन भएको मितिले ३५ (पैंतिस) दिन भित्र नियमानुसार फरफारक एवं भुक्तानी दावि गर्न आउन हुन यो सुचना प्रकाशन गरीएको छ । सो अवधि भित्र भुक्तानी दावी नगर्ने समितिहरूको कार्यालयको भुक्तानी वाकि विवरणवाट लगत कट्टा गरीने व्यहोरा जानकारी गराइन्छ ।



## Career Opportunity in various positions

Rural Helpless Children Community Rehabilitation Centre (RuHel-CRC), a reputed non-government organization working in the issues of child in Makawanpur district is expanding its project to the community schools in Makawanpur district and seeking self-motivated, experienced and dynamic candidates for the various positions. The main objective of RuHel-CRC is;Prevention of child from trafficking and child labour.

**Position: Assistant Program Manager - 1**
Working station: Hetauda-11, Saraswati with field visits as per need.
Competencies andqualification: Minimum Graduation with at least four years of working experience in child protection, child education sector.
Responsibilities include:

- School support program implementation, supervision and file management supervision.
- Management administrative support (SWC, NCRC, renew, auditing, file management, others)
- Strategy and organizational development support.
- Budget expenditure and A/C supervision.
- Weekly report and planning facilitation.
  –Planning and report preparation and facilitation
  –Report writing (work, photos, case-report with photos).
- Awareness program coordination and program running at school level.
- Field work visits as needed for proper project implementation and supervision.
  –School support program
  –Scholarship program
  –Special case
  –Visits for future programs and strategy development
- Special Case management support.
- Prepare case stories, collect photos of activities.
- Other duties as assigned by the program management.

**Starting date will be as early as possible.**

**How to Apply:** A cover letter mentioning expected salary, curriculum-vitae, a recent passport size photograph, a copy of Nepalese citizenship certificate should be submitted by email to ruhelcrc@gmail.com by 10January 2023.
Only short-listed candidates will be invited for further selection process.
Telephone enquiries will not be entertained.


## शिक्षा क्षेत्र...

जनता र जनशक्तिको अनुपात मिलाउनु पर्दछ । नेपालमा विषय क्षेत्रका चारै तहका सिप भएका दक्ष कामदारहरुको सूची बनाउने अभ्यास नभएकोले जनशक्तिको माग त्यसमा पनि विशेष सिप र क्षमता भएका जनशक्तिको मागको बारेमा थाहा पाउन गाह्रो अवस्था छ, जुन हटाउनु अति जरुरी भएको छ ।

### विश्वसनीय तथ्यांक तथा सूचना प्रणाली अभावको सवाल

मानव संसाधन तथा जनशक्ति विकासको आँकलन तथा प्रक्षेपण गर्ने सूचना र संयन्त्रको नै अभाव छ । तर हरेक मुलुकमा मानव संसाधन विकास योजना तर्जुमा गर्नको लागि नियमित रुपमा प्रवाह हुने विश्वसनीय तथ्यांक तथा सूचनाको आवश्यकता पर्दछ । सरकारी क्षेत्र, गैर सरकारी क्षेत्र, निजी क्षेत्र, शैक्षिक क्षेत्र लगायतका सबै क्षेत्रमा औद्योगिक वर्गीकरण अनुसारका आधारमा आवश्यक जनशक्ति प्रक्षेपण गर्दा साधनस्रोत र समयको क्षति हुँदैन । तर हाम्रो सन्दर्भमा आवश्यक तथ्यांकको अर्पयाप्तता तथा दीर्घकालीन योजनाको कमी छ । संवेदनशीलताको अभावले गर्दा प्रक्षेपणले दिएको तथ्यांक यथार्थभन्दा विचलन हुन सक्ने सम्भावना रहन्छ ।

अत: जनशक्ति सम्बन्धी तथ्यांक प्रवाह हुने र आवश्यक तथ्यांक तयार हुने (Compile) गरी अनलाइन विधिबाट एक सूचना प्रणाली ‘मानव संसाधन व्यवस्थापन सुचना प्रणाली (Human Recourse Management Information system, HRMIS) तयार गर्ने र अध्यावधिक गर्ने जिम्मेवार स्थायी संयन्त्र सञ्चालनमा ल्याउनु पर्दछ । यस्तो सूचना प्रणालीबाट जनशक्ति सम्बन्धी आवश्यक सूचना तथा तथ्यांक प्राप्त गरी मुलुकका लागि मानव संसाधन विकास योजना तर्जुमा गर्ने, जनशक्तिको प्रक्षेपण गर्ने काम सहज र व्यवस्थित गर्न सकिन्छ ।

### जनशक्ति विकास तथा व्यवस्थापन

### आधिकारिक निकाय स्थापनाको सवाल

जनशक्ति विकासको समग्र पक्षहरु जनशक्ति माग तथा आपूर्तिका विविध विषय तथा मुद्दाहरूलाई सम्बोधन तथा व्यवस्थापन गर्न ‘मानव संसाधन विकास आयोग वा निकायको’ कानुनी व्यवस्था अनिवार्य भएको छ । यस्तो स्थायी संयन्त्रलाई काम, कर्तव्य र अधिकार तोकी अविलम्ब गठन हुनु अति आवश्यक छ ।

### शिक्षा प्रणालीमा राज्य, संविधान तथा नेतृत्वभाव र उत्तरदायित्व विकासको सवाल

नेपालको संविधान २०७२ को धारा ५२ (झ) १ तथा धारा ५२ ञ (७) मा सबैले काम गर्न पाउने अधिकार किटानी गरिएको छ । सामाजिक आर्थिक शक्तिको रुपमा रहेको जनशक्तिलाई दक्ष र व्यवसायिक बनाउने प्रतिवद्धता छ । हरेक नागरिकलाई स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकको आधारभूत अधिकारलाई सामाजिक सुरक्षा प्रत्याभूत गर्ने विषय नेपाली संविधानका मुख्य विशेषता हुन् । सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि प्रमुख चासोका मुद्दा हुन् ।

राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरुको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने उद्घोष छ । यसर्थ युवा शक्तिलाई सशक्तिकरण गर्ने दायित्व सरकारी निकाय तथा नेतृत्वको हुन्छ । युवा शक्तिलाई राज्यको सर्वाङ्गीण विकासमा योगदानमा उपयुक्त अवसर प्रदान गर्न संविधानको मर्म पालना राज्य तथा नेतृत्वको मुख्य कर्तव्य हुन्छ । तसर्थ राज्य संविधान तथा नेतृत्वभाव र उत्तरदायित्व विकासलाई एकसाथ जिम्मेवार र जवाफदेही नतुल्याएसम्म नेतृत्वमा परिवर्तन आउन नसकेको देखिन्छ ।

### जनशक्ति विकास,स्तरोन्नति, राष्ट्रिय नीति निर्माण र कार्यान्वयनको सवाल

जनशक्तिको यथोचित विकास तथा व्यवस्थापन नै राष्ट्रको समग्र विकास, समृद्धि र सम्पन्नताको उन्मुखता हो । तर हाम्रो अवस्था जनशक्तिलाई कसरी तयार पार्ने ? भएका र उपलब्ध जनशक्तिलाई कहाा प्रयोग गर्ने ? उनीहरुको शिक्षा योग्यता प्राप्तिकालको सिप र क्षमता अभिवृद्धि कसरी गर्ने ? बजारमा प्रवेश गर्ने, हुने जनशक्तिको अभिलेख कसरी राख्ने ? योजनावद्ध जनशक्ति उत्पादन किने गर्ने ? प्राविधिक तथा व्यावसायिक शिक्षाका जनशक्ति उत्पादन गर्न आर्थिक स्रोतको कसरी, कस्तो प्रबन्ध गर्ने ? भन्ने विषयमा राज्यको एक दीर्घकालीन सोच र नीति छैन । जुन अति आवश्यक हुन्छ । जनशक्ति विकास नीतिका आधारमा विविध योजना तथा कार्यक्रमहरु सञ्चालन हुनु पर्दछ । ज्ञान र सिपयुक्त जनशक्तिको वस्तु तथा सेवाको उत्पादनमा विविध क्षेत्रहरुको संलग्नता तथा तिनको उचित प्रयोगले मात्र राष्ट्र समुन्नतिको बाटोतर्फ अघि बढ्न सक्छ ।

गुणस्तरीय जनशक्ति उत्पादन गर्ने शिक्षण तथा प्रशिक्षण संस्थाहरुको भौगोलिक वितरणलाई पनि न्यायिक तथा सन्तुलित बनाउन आवश्यक छ । जुन प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन सकिएको छैन । शैक्षिक संस्था तथा प्रतिष्ठानहरू गुणस्तर प्रत्यायन मापदण्ड पूरा नभइ स्थापित र सञ्चालित हुनाले ती निकायहरुबाट प्रदान गर्ने शैक्षिक⁄तालिममा गुणस्तरमा समानता र आकर्षणभाव वृद्धि हुन सकिरहेको छैन । शिक्षण संस्थाहरु बढी सहर केन्द्रित छन् । तर कार्याभ्यासबाट ग्रामीण क्षेत्रहरुमा गुणस्तरीय शिक्षाका लागि पहुाचमा लैजान नसकेको अवस्था छ ।

ग्रामीण तथा दुर दराजका मानिसहरुलाई शिक्षा साथै सिपयुक्त बनाउन नसक्दा गाउँ नै गाउँको देश नेपालका लागि उचित जनशक्ति विकास र व्यवस्थापन प्रमुख चुनौती बनेका छन् । पेचिलो सवाल चाहिं जनशक्ति विकासमा सरकार, निजी क्षेत्र र विश्वविद्यालयहरुको के कति भूमिका हुने ? आर्थिक लगानीका आधार मापदण्डहरु के कस्ता अपनाइने जस्ता सबै विषयहरु अस्पष्ट छन् । फलत: अपारदर्शी व्यवहारले शिक्षा क्षेत्र चरम व्यापार, उद्योग, प्रतिष्ठानमा रुपान्तरण भएको छ र देश असफलताको भूमरीमा फस्दो छ । अत: निश्चित सर्त, आधार र समाधानका सूत्र समावेश गरिएको एउटा राष्ट्रिय जनशक्ति विकास नीति निर्माण तथा मापदण्ड विकास मुलुकका लागि अति जरुरी भएको छ । *(स्रोत: इकागज)*




# भेट्रान्स कप फुटबल सुरु



समाज संवाददाता

हेटौंडाः हेटौंडामा आठौं हेटौंडा र ाष्ट्रिय भेट्रान्स कप ८ ए साइड रनिङ शिल्ड फुटबल प्रतियोगिता सुरु भएको छ । हेटौंडा-५, पिप्लेस्थित पिप्ले-क्याम्पा र ंगशालामा हेटौंडा भेट्रान्स क्लबका अध्यक्ष रमेश उप्रेतीको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमार ी लामाको प्रमुख आतिथ्यमा मंगलबार प्रतियोगिताको उद्घाटन गर्नुभयो ।

प्रतियोगिताको उद्घाटन कार्यक्रममा अखिल नेपाल फुटबल संघ (एन्फा) को केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्ला अध्यक्ष टिका लामा, एन्फा बागमती प्रदेश समिति अध्यक्ष राजेन्द्र श्रेष्ठ, बागमती प्रदेश खेलकुद परिषद्का सदस्य सचिव सूर्यलाल भण्डारी, मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गीको पनि आतिथ्य रहेको थियो । मंगलबार पहिलो दिन ४ खेल भएका छन् । उद्घाटन खेलमा सिमरा भेट्रान्स बाराले पशुपति भेट्रान्स हेटौंडालाई २-१ गोलको अन्तरले पराजित गरेको छ। खेलको म्यान अफ द म्याच सिमरा भेट्रान्सका सोनु खत्री हुनुभयो । दोश्रो खेलमा जोर पाटी भेट्रान्स काठमाडौंले पूर्वी चितवन भेट्रान्सलाइ ५-० को फराकिलो अन्तरले पराजित गरेको छ। म्यान अफ द म्याच जोरपाटी भेट्रान्सका ह्याट्रिक गर्ने खेलाडी रमेश गुरुङ घोषित हुनुभयो ।

तेस्रो खेलमा हेटौंडा भेट्रान्सले गोर्खा भेट्रान्सलाई १-० गोलअन्तरले जितेको छ । म्यान अफ द म्याच गजेन्द्र लामा घोषित हुनुभयो । चौथो खेलमा चितवन भेट्रान्स र एबीसी पोखरा भेट्रान्सबीच १-१ को बराबरी भएपछि टाइब्रेकरमा ५-४ गोलअन्तरले एबीसी पोखरा भेट्रान्स विजयी भएको छ । पुस २३ गते प्रतियोगिताको फाइनल खेल हुनेछ। प्रतियोगितामा प्रथम हुने टिमले नगद १ लाख ११ हजार १ सय ११ रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ। दोस्रो हुने टिमले नगद ५५ हजार ५ सय ५५ रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ ।

# बालबोधका विद्यार्थीलाई स्वीटर वितरण

समाज संवाददाता

हेटौंडाः शिवम् सिमेन्टस् लिमिटेडले हेटौंडा-१७ स्थित बालबोध माध्यमिक विद्यालयमा अध्ययनरत बालबालिकालाई न्यानो कपडा वितरण गरेको छ । विद्यालयमा अध्ययनरत नर्सरीदेखि ६ कक्षासम्मका विद्यार्थीलाई जाडोबाट बचाउनका लागि न्यानो कपडा स्वीटर वितरण गरेको हो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कमल बहादुर विष्टको अध्यक्षतामा भएको कार्यक्रममा शिवम् सिमेन्टस्का प्रशासनिक प्रमुख विष्णु घिमिरे, प्रधानाध्यापक रमेश रिजाल, सहायक प्रधानाध्यापक दीपकलाल श्रेष्ठ, विद्यालय व्यवस्थापन समितिका सदस्य सुदिप अर्याल, रिता दाहाल लगायतको उपस्थिति रहेको थियो ।

# एनभिए भलिबल च्याम्पियनसीप
# प्रदेशस्तरीय टिमसहित केशवलाल स्मृति प्रतिष्ठान सहभागी हुने



समाज संवाददाता

हेटौंडाः सातौं एनभिए क्लब भलिबल च्याम्पियनसीपमा मकवानपुरको केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान सहभागी हुने भएको छ । प्रतिष्ठानले प्रदेशस्तरीय टिम तयार पारेर मंगलबार क्लबले च्याम्पियनसीपका लागि टिम दर्ता गरेको जिल्ला भलिबल संघका महासचिव सन्तोष श्रेष्ठले जानकारी दिनुभयो ।

बागमती प्रदेश भलिबल संघको विशेष कारणले सहभागी हुन नपाउने भएपछि प्रतिष्ठानको नामबाट च्याम्पियनसीपमा सहभागी हुन लागेको महासचिव श्रेष्ठले बताउनुभयो । क्लबस्तरीय प्रतियोगिता भएकोले प्रदेश टिम दर्ता हुन नसकेको उहाँले बताउनुभयो । छनौट गरिएको खेलाडीले खेल्न पाउनुपर्छ भनेर केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठानले टिम दर्ता गराएको हो । पुरुषतर्फको टिम निर्माणका लागि हेटौंडामा सोमबार र मंगलबार गरी १२ जना खेलाडी छनौट गरिएको उहाँले बताउनुभयो । टिममा मकवानपुरका ४ जना खेलाडीसहित रामेछाप, चितवन, काभ्रे र सिन्धुली जिल्लाका खेलाडी सहभागी छन् ।

चितवनका मन्जिल गुरुङको कप्तानीमा मकवानपुरका निश्चल काउचा, सुरेन्द्र गोले, बुद्धिकृष्ण दंगाल र निश्चल रानामगर समावेश छन्। यस्तै प्रतिष्ठानको टिममा विशाल बिश्वकर्मा, नवीन महतो, विवेक तामाङ, सुजल चौहान, निकेश महतो, विवेकध्वज कार्की र रुपेश बस्नेत छन् । यस्तै महिला टिम पनि काभ्रेको कृष्ण एस एस भलिबल क्लबको नामबाट खेल्ने भएको छ । महिला टिममा मकवानपुरकी रोजिना स्याङ्तान, सुनिता वाईबा र सञ्चमाया थिङसहित रोजिना सिन्जु, शान्ति तामाङ, ममता तामाङ, अश्मिता मगर, पिंकी तामाङ, एलिना नेपाल, रेखा श्रेष्ठ, सरिता सार्की र रजिना श्रेष्ठ चयन भएका छन् ।

आगामी आइतबारदेखि माघ १ गतेसम्म हुने च्याम्पियनसीपको उपाधि विजेताले नगद ४ लाख रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले २ लाख रुपैयाँ प्राप्त गर्नेछ।

# विद्यार्थीलाई २५ हजार सहयोग




समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-९ निवासी मोहन थापाले हेटौंडा-७ मा रहेको नवज्योति माविका बौद्धिक अपाङ्गता भएका विद्यार्थीलाई २५ हजार रुपैयाँ सहयोग गर्नुभएको छ । सोमबार थापाले विद्यालयका प्रधानाध्यापक ज्ञानेन्द्र दाहाल र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्ण थापालाई सहयोग रकम हस्तान्तरण गर्नुभएको हो ।

सहयोगी थापाले बौद्धिक अपाङ्गता भएका विद्यार्थीलाई नगदसँगै खाजा सामग्री सहयोग गरेको थियो । विद्यार्थीलाई यस्ता आर्थिक सहयोगले विद्यार्थीको पठनपाठनमा विकास हुने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष थापाले बताउनुभयो ।

# आहा ! रारा गोल्डकप
# मनाङ मर्स्याङ्दी पराजित

पोखराः आहा ! रारा गोल्डकपको सर्वाधिक सफल टोली मनाङ मर्स्याङ्दी क्लब २२ औं संस्करणमा पहिलो खेलबाट नै बाहिरिएको छ । मंगलबार भएको क्वाटरफाइनलमा अमेरिकाको भुटानी युथ स्पोर्ट्स क्लबसँग पराजित भएपछि मनाङ बाहिरिएको हो ।

पोखरा रंगशालामा अमेरिकी टोलीले १-० को जित दर्ता गर्दै सेमिफाइनलमा स्थान पक्का गऱ्यो। खेलको पहिलो हाफमा प्रविन बस्नेतले गरेको गोल नै मनाङको हारमा निर्णायक बन्यो । उनले पेनाल्टी क्षेत्र भित्रबाट डिफेन्स र गोलरक्षकलाई बिट गरेको प्रहार गोलमा परिणत भएको थियो। नयाँ स्वरूपमा घरेलु खेलाडीसहित उत्रिएको मनाङले सुखद् सुरुवात गर्न सकेन । गण्डकी प्रदेशकै अधिकांश खेलाडीसहित स्थानीय प्रशिक्षक किरण श्रेष्ठले टोलीलाई जिताउन सकेनन्। पाहुना टोली बिवाईएससीले पहिलो हाफमा लिएको अग्रता जोगाएर अन्तिम ४ को यात्रा पक्का गऱ्यो । मनाङले २२ संस्करणमध्ये १२ पटक फाइनल खेल्दै ६ पटक उपाधि जित्दा ६ पटक उपविजेतामा चित्त बुझाएको थियो । गत संस्करण मनाङ एपिएफसँग फाइनलमा पराजित भएको थियो । बिवाईएससीको यो दोस्रो सहभागिता हो । अघिल्लो संस्करणमा पहिलो खेलमै पराजित टोलीले यसपटक भने क्वाटरफाइनल जित्दै अन्तिम चारको यात्रा तय गरेको छ ।

बिवाईएससीले अब सेमिफाइनलमा चर्च ब्वाइज युनाइटेडको सामना गर्नेछ। आज बुधबार नेपाल एपिएफ क्लब र संकटा क्लबले पहिलो सेमिफाइनलमा प्रतिस्पर्धा गर्नेछन् । बिहीबार दोस्रो सेमिफाइनल हुनेछ । फाइनल शनिबार हुनेछ । प्रतियोगिताको विजेताले उपाधिसहित १२ लाख र दोस्रो हुने टोलीले ६ लाख रुपैयाँ प्राप्त गर्नेछ। स्रोतः हाम्रो खेलकुद ।

# आयुर्वेद सेवाबारे पत्रकारसँग अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मकवानपुरले सेवाको प्रवर्द्धन गर्न पत्रकारसँग अन्तरक्रिया गरेको छ । जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मकवानपुरको व्यववस्थापन समितिका अध्यक्ष मधु बजगाई क्षेत्रीको सभाध्यक्ष तथा मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेको प्रमुख आतिथ्यमा अन्तरक्रिया भएको हो ।

अन्तरक्रियामा प्रमुख जिल्ला अधिकारी पाण्डेले आयुर्वेद औषधीको महत्व र प्रयोग विधिबारे जनतालाई स्पष्ट तरिकाले बुझाउनुपर्ने बताउनुभयो । आयुर्वेदबारे संस्कृत भाषामा उल्लेखित हुने भएकाले केही शब्द नबुझ्ने र प्रयोग गर्न पनि नजान्ने हुँदा यसलाई बुझ्ने भाषामा उल्लेख गर्नुपर्ने उहाँले बताउनुभयो। उहाँले जडिबुटीको पहिचान र गुणस्तरमा ध्यान दिई औषधी निर्माण गर्न आग्रह गर्नुभयो। यस्तै बागमती प्रदेश स्वास्थ्य निर्देशनालयका डा. महेश्वर श्रेष्ठले आयुर्वेद औषधीको सेवा प्रवर्द्धनका कार्यक्रमहरु सबै स्थानीय तहहरुमा सञ्चालन गरी यसको महत्वबारे जानकारी गराउनुपर्ने बताउनुभयो। अहिले आयुर्वेद औषधी प्रयोगमा जनताप्रति केही अविश्वास बढ्दै गइरहेको भन्दै उहाँले यो भ्रमलाई चिर्नुपर्ने बताउनुभयो । बिना परीक्षणका जडिबुटी मिसाएर गाउँघरतिर केही मानिसहरु आयुर्वेद औषधी हो भनी बेच्ने गरेको र औषधीले काम नगरेपछि आयुर्वेद औषधी प्रयोगप्रति केही अविश्वास बढ्न पुगेको उहाँले बताउनुभयो ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रकी आयुर्वेद चिकित्सक ललिता पाण्डेले स्वास्थ्य केन्द्रबाट प्रवाह गरिएको सेवाहरुबारे जानकारी गराउनुभयो। जिल्ला आयुर्वेदबाट अहिले बहिरंग सेवा, निशुल्क परामर्श सेवा, सशुल्क फार्मेसी सेवा, ल्याब, फिजियोथेरापी र जेष्ठ नागरिक सेवा प्रवाह गरिरहेको उहाँले बताउनुभयो । अन्तरंग सेवा र योग हलको समस्या रहेको उहाँले बताउनुभयो । जिल्ला आयुर्वेदले अहिले हेटौंडा उपमहानगरपालिकासँगै थाहा नगरपालिका, बागमती, बकैया, कैलाश, राक्सिराङ र मनहरी गाउँपालिकामा सेवा प्रदान गरिरहेको छ । उहाँले जिल्ला आयुर्वेदले चालु आर्थिक वर्षमा महिला स्वास्थ्य स्वयम्सेविकालाई जनचेतनामुलक कार्यक्रम, ट्राफिकका लागि नस्य कार्यक्रम, विद्यालय आयुर्वेद तथा वैकल्पिक चिकित्सा कार्यक्रम र ज्येष्ठ नागरिकका लागि निशुल्क औषधी वितरण कार्यक्रम, एक जिल्ला एक जडिबुटी निर्माण अभियान सञ्चालन गरिने बताउनुभयो ।

# मानवसेवा आश्रमद्वारा बृद्धाको उद्धार

समाज संवाददाता

हेटौंडाः हेटौंडा-९ मा रहेको मानवसेवा आश्रमले थाहा नगरपालिका-३ बाट व्यक्तिगत पहिचान नखुलेको एक बृद्धाको उद्धार गरेको छ । थाहा नगरपालिका-३ का वडाध्यक्ष हिरेन्द्र कुमार रायमाझीको समन्वयमा मंगलबार मानवसेवा आश्रम मुख्य कार्यालय हेटौंडाले आन्दाजी ६५ वर्षीया बृद्धाको उद्धार गरेको हो ।

आश्रमले बृद्धाको स्वास्थ्य उपचार र परिवारको खोजी कार्य समेत अगाडि बढाएको मानवसेवा आश्रमका अभियन्ता होमनाथ पौडेलले बताउनुभयो । यस्तै बृद्धाको घरपरिवारको खोजी कार्यमा सहयोग पुऱ्याउन आग्रह गर्नुभयो ।

सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि
समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
www.samriddhasamaj.com.np

खाजा घर बिक्रीमा

हेटौंडा-४, अजरअमररोडमा चालु अवस्थामा रहेको खाजा घर विक्री गर्नुपर्ने भएकोले व्यवसाय गर्न चाहनुहुने व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्कः
९८६८८२८६३८,
९८४३३२७६१४

सूचना सूचना सूचना

विगत एक दशक भन्दा लामो समयदेखी निरन्तर विरामीको सेवामा समर्पित यस हेटौंडा मोडल अस्पतालमा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समुहद्वारा सबै किसिमको रोगको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको सबैमा सहर्ष जानकारी गराउँदछौं ।

कार्यरतः

यस अस्पतालमा कार्यरत विशेषज्ञ डाक्टरहरूः-

१. हाडजोर्नि तथा नसा रोग विशेषज्ञ डा. बसन्त मान श्रेष्ठ तथा डा. आभाष तिवारी ।
२. जनरल फिजिशियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ ।
३. नाक कान घाँटी रोग विशेषज्ञ डा. अनुप सञ्जेल, डा. इन्क्लाम ढुंगाना ।
४. जनरल सर्जन डा. साजिद अन्सारी, डा.सरोज प्रधान ।
५. छाला तथा यौन रोग डा. प्रमोद चौरसीया ।
६. रेडियोलोजिष्ट डा. गेहेन्द्र भुसाल ।
७. ऐनस्थेसिया डा. सुवास लामिछाने ।
८. दन्त रोग विशेषज्ञ डा. रन्जना शाह ।
९. फिजियोथेरापिस्ट डा. रति गुरुङद्वारा दैनिक उपचार जांच भईरहेको सहर्ष जानकारी गराउँदछौं ।

यसको साथ साथै यहाँ OPD सेवा, विरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि. स्क्यान सेवा फार्मेसी सेवा गरिन्छ ।

सम्पर्कः
हेटौंडा मोडेल अस्पताल,
स्वर्गद्वारी मन्दिर चोक जरूवा टोल, वार्ड नं. १, हेटौंडा
मो. नं. ९७४५३२१६४८ फोन नं.ः ०५७५२२७५६

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.ः ०५७-५२०४५७

